# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं,

बागमती प्रदेश, नेपाल

## दक्षिणकाली नगरपालिका क्षेत्रभित्र ढुंगा, गिट्टी, ग्राभेल, बालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको विक्री/ संकलन शुल्क/दस्तुर उठाउने सम्वन्धी बोलपत्र आह्वानको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७८/०२/२५)**

यस दक्षिणकाली नगरपालिकाको आ.व. २०७८/७९ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(घ)६ तथा यस नगरपालिकाको आर्थिक ऐन २०७७ बमोजिम यस नगरपालिका क्षेत्रभित्र पर्ने ढुङ्गा, गिट्टी, ग्रावेल, बालुवा र माटो लगाएतको प्राकृतिक स्रोतको संकलन तथा बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्त बोलपत्रको माध्यमबाट गर्नको लागि उक्त काम गर्न इच्छुक बोलपत्र दाताहरुका लागि तोकिएको अवधिभित्र रितपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिनका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत सूचना यस कार्यालयको वेबसाईट **www.dakshinkalimun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७८/७९ को लागि न्यूनतम ठेक्का रकम (मू.अ.कर वाहेक) | वोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०२-०७७/७८ | दक्षिणकाली नगर क्षेत्र भित्र निर्माणमूखी कच्चा पदार्थ ( ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र माटो) लगायतका प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउने कार्य | २,६४,०३,६६७/- (दुई करोड चौसाठ्ठी लाख तीन हजार छ सय सरसठ्ठी मात्र ) | रु.५०००/- | मू.अ.कर सहित कवोल अंकको ५ प्रतिशत |

**दररेटहरु**

| क्र.सं | विवरण | ईकाई | संकलन तथा विक्री शुल्क (कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, ग्राभेल, वालुवा, विक्री (साधारण निर्माणमुखी खनिज पदार्थ) | प्रति घन फिट | रु.८/- | |
| २ | माटो विक्री | प्रति घन फिट | रु.४/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

**Published on : 2078-02-25 (8th June, 2021, Naya Patrika)**

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

## दक्षिणकाली नगरपालिका क्षेत्रभित्र ढुंगा, गिट्टी, ग्राभेल, बालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको विक्री/संकलन शुल्क/दस्तुर उठाउने सम्वन्धी वोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०७८/०२/२५**

यस दक्षिणकाली नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ को लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (घ) को ६ मा व्यवस्था भए वमोजिम यस दक्षिणकाली नगरपालिका क्षेत्र भित्र पर्ने गरी ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडाको बिक्रीकर संकलन गर्न यस नगरपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम तपशिल वमोजिमको दररेटमा स्वीकृती प्राप्त खानी तथा तोकिएको स्थानहरुबाट तोकिएको परिणाममा विक्री/संकलन शुल्क/दस्तुर उठाउने सम्बन्धि ठेक्का वन्दोवस्त गर्नुपरेकोले बोलपत्रदाताको नवीकरण भएको दर्ता प्रमाणपत्र, कारवाही वा कालो सूचीमा नपरेको स्वघोषणा, मूल्य अभिवृद्दि कर तथा २०७६/७७ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व.०७८/७९ को लागी न्यूनतम ठेक्का रकम(मू.अ.कर वाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०२-०७७/७८ | दक्षिणकाली नगर क्षेत्र भित्र निर्माणमूखी कच्चा पदार्थ ( ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र माटो) लगायतका प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउने कार्य | रु.२,६४,०३,६६७/- (दुई करोड चौसाठ्ठी लाख तीन हजार छ सय सरसठ्ठी मात्र ) | रु.५०००/- | मू.अ.कर सहित कवोल अंकको ५ प्रतिशत |

दररेटहरु

| क्र.सं | विवरण | ईकाई | संकलन तथा विक्री शुल्क (कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, ग्राभेल, वालुवा, विक्री (साधारण निर्माणमुखी खनिज पदार्थ) | प्रति घन फिट | रु.८/- | |
| २ | माटो विक्री | प्रति घन फिट | रु.४/- | |

शर्तहरु

(१) बोलपत्र खरिद गर्ने अन्तिम मिति:- २०७८/०३/२३ गते कार्यालय समय भित्र ।

(२) बोलपत्र वुझाउने अन्तिम मिति र समय :- २०७८/०३/२४ गते दिउँसो १२.०० वजे सम्म ।

(३) बोलपत्र खोलिने मिति र समय:- २०७८/०३/२४ दिउँसो २.०० वजे ।

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

(४) बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(५) बोलपत्र फारम साथ धरौटी वापत (मू.अ.कर समेत) कवोल अंकको ५ प्रतिशत हुँन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२०००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको वोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

(६) बोलपत्रदाताले बोलपत्र पेश गर्दा खामलाई सिलवन्दी गरी खामको बाहिर एकातर्फ बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं. र अर्कोतर्फ ढुंगा, गिट्टी, ग्राभेल, वालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको बिक्री/संकलन शुल्क/दस्तुर उठाउने सम्वन्धमा पेश गरेको बोलपत्र, दक्षिणकाली नगरपालिका, फर्पिङ भनेर स्पष्टसंग लेखु पर्नेछ तथा वोलपत्रसाथ पेश भएका सम्पूर्ण कागजातहरु बोलपत्रदाताद्वारा प्रमाणित हुनुपर्नेछ ।

(७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर बढी छ सोही रकमलाई मान्यता दिइनेछ ।

(८) बोलपत्र दिदा कुनै प्रकारको शर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइनेछैन ।

(९) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०७९ असार मसान्तसम्म रहनेछ र सो सम्झौता भएको मितिबाट बाँकी २०७९ आषाढ मसान्तसम्मलाई एक आर्थिक वर्ष मानिनेछ ।

(१०) ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७(सात) दिन भित्र मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा र स्वीकृत कबोल अंकको २५% रकम नगदै (यस नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको मिति २०७९।०५।३० सम्म अवधि रहेको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन ।

(११) ठेक्कामा कवोल गरेको रकम सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट भूक्तान गरेमा सो कवोल अंकमा १०% छुट दिइनेछ ।तर कर(भ्याट) रकममा भने छुट दिइनेछैन ।

(१२) ठेक्का रकम एकमुष्ठ भूक्तान गर्न नसक्ने स्वीकृत बोलपत्रदाताले बाँकी रकम नगरपालिकाले तोकेको अवधि भित्र ३(तीन) किस्तामा बुझाउनु पर्नेछ । किस्ता रकम बुझाउँदा मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा र सो बाहेकको किस्ता रकम नगरपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

(१३) आ.व.०७८।७९ मा स्वीकृत प्राप्त साधारण निर्माणमुखी खनिज पदार्थ उद्योग संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन साथै खानी संचालन हुन नसेकेमा नगरपालिका जिम्मेवारी हुने छैन ।

(१४) नगरपालिका क्षेत्रभित्र आफ्नो वा एकाघरको परिवारको जग्गाबाट उल्लेखित प्राकृतिक श्रोतहरु वडा भित्र वा एउटा वडाबाट अर्को वडामा घर बनाउने वा जग्गा सम्याउने प्रयोजनका लागि लैजाँदा शुल्क लिन पाइने छैन ।

(१५) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत बोलपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

(१६) बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(१७) स्वीकृत बोलपत्रदाताले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ र दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देखे गरी राख्नुपर्नेछ । साथै राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाइने छैन ।

(१८) ठेक्का कबोल गर्ने बोलपत्रदाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नोतर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ । नियमानुसार प्रयोग गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा अर्को महिनाको ७ गते भित्र यस नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

(१९) म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

(२०) स्वीकृत बोलपत्रदाताले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

(२१) प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२२) नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोलपत्रदाताको कर्तव्य हुनेछ ।

(२३) कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(२४) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ ।

(२५) थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत